# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

प. सं. पशु सेवा २०८०/०८१
च. नं.

### पशु सेवा विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सुचना
**सूचना नं. ३ २०८०/८१ (पशु सेवा)**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०७/१६**

आ.व. २०८०/८१ मा प्रदेश सशर्त कार्यक्रम तर्फ भरतपुर महानगरपालिका अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले " स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही लागत साझेदारीमा काम गर्न ईच्छुक कृषक समुह/सहकारी/निजी फार्म/ सार्बजनिक/शैक्षिक संस्थाहरूले तोकिएका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन (२०८०/०८/ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। यस विषयमा थप जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा (०५६-५४९३७२१) वा नजिकका पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| क्र. स. | कार्यक्रमको नाम | अनुदान रकम (रु.लाखमा ) | लक्षित वर्ग/समुदाय | आवेदकको न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | साइलेज उत्पादन कार्यक्रम भरतपुर-२४ | २० | कृषक समुह/सहकारी/निजी फार्म/ सार्बजनिक/शैक्षिक संस्थाहरूले | आवेदकले कम्तिमा १ विघा क्षेत्रफलमा घाँस खेति गर्ने/ गरेको सुनिश्चित भएको कागजात |
| २ | गाई प्रवर्द्धन कार्यक्रम भरतपुर- २२ | १५ | कृषक समुह/सहकारी/निजी फार्म/ सार्बजनिक/शैक्षिक संस्थाहरूले | समुह/सहकारीको हकमा प्रति कृषक २ ओटा बिमा गरिएको माउ गाई र कम्तिमा १५ जना सदस्य रहेको हुनुपर्ने तथा निजि संस्थाको हकमा कम्तिमा १० ओटा बिमा गरिएको माउ गाई हुनुपर्ने। |
| ३ | गाईपालन प्रवर्द्धन कार्यक्रम ( वैदिक विद्यालयमा गौशाला निर्माण तथा गाईपालन) भरतपुर-१८ | १० | कृषक समुह/सहकारी/निजी फार्म/ सार्बजनिक/शैक्षिक संस्थाहरूले | संस्थाको स्वामित्वमा कम्तिमा १० कठ्ठा जग्गा रहेको हुनुपर्ने। |
| ४ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम भरतपुर-४ | १० | कृषक समुह/सहकारी/निजी फार्म/ सार्बजनिक/शैक्षिक संस्थाहरूले | समुह/सहकारीको हकमा प्रति कृषक ३ ओटा बिमा गरिएको माउ बाख्रा र कम्तिमा १५ जना सदस्य रहेको हुनुपर्ने तथा निजि संस्थाको हकमा कम्तिमा १५ ओटा बिमा गरिएको माउ बाख्रा हुनुपर्ने। |

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू**

१. आवेदक भरतपुर महानगरपालिका/वडा कार्यालयमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ। आवेदक दर्ता भएको मितिले कम्तिमा १ वर्ष पुरा भएको हुनुपर्नेछ।

श्यामराज देवकोटा
पशु चिकित्सक

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned with CamScanner

सं. पशु सेवा २०८०/०८१
नं.

२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको संझौतानामा।
३. कार्य समितिको पदाधिकारीको नामावली र निर्णयको प्रतिलिपी (निजी फार्मको हकमा नपर्ने)
४. "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची-१ अनुरुपको प्रतिवद्दता पत्र तथा भरतपुर महानगर पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०) को अनुसूची १ अनुरुपको प्रस्तावना निवेदन तथा प्रस्तावित कार्यक्रमको प्रकृति अनुसार अवधारणा पत्र पेश गरेको हुनुपर्ने छ।
५. पान दर्ता/नविकरण तथा करचुक्ता भएको प्रमाणपत्र।
६. नेपाली नागरिकताको प्रमाणपत्र। समुह/सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रमाणपत्र।
७. पशु विमा गरेको प्रमाण।
८. आवेदन दस्तुर वापत रू. ५००।– सम्बन्धित वडा कार्यालयमा नगद राजश्व तिरेको सक्कल रसिद।
९. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
१०. यसै प्रकृतिको कार्यको लागि कुनै सरकारी/गैरसरकारी निकायवाट विगत २ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।

श्यामराज देवकोटा
पशु चिकित्सक



Scanned with CamScanner